# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स
# नियमावली २०६१ मा भएको संशोधन बारे सूचना

नेपाल सरकार, (मा.मन्त्रीस्तर) को मिति २०७०/१०/२४ गतेको निर्णयानुसार नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१ मा विभिन्न संशोधनहरु भएका छन् । त्यस मध्ये नियम ५३ मा निम्नानुसार संसोधन भएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- पेशागत प्रमाणपत्र प्राप्त निम्नानुसार बर्गीकृत सदस्यले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ( पहिलो संसोधन) नियमावली २०७० को नियम ५३ बमोजिम परिषदले तोकेको आचार संहिताको अधिनमा रही निम्नानुसार रकमको हदसम्म लेखपरीक्षण गर्न सक्नेछ ।

  (क) क बर्गको पेशागत प्रमाणपत्र प्राप्त सदस्यले जतिसुकै रकम पनि ।

  (ख) ख बर्गको पेशागत प्रमाणपत्र प्राप्त सदस्यले ६० (साठी) करोड रुपैयासम्म ।

  (ग) ग बर्गको पेशागत प्रमाणपत्र प्राप्त सदस्यले १५ (पन्ध्र) करोड रुपैयासम्म ।

  (घ) घ बर्गको पेशागत प्रमाणपत्र प्राप्त सदस्यले २ (दुई) करोड रुपैयासम्म ।

  स्पष्टीकरण: “रकम” भन्नाले वासलातमा उल्लेख भएको जायजेथा वा दायित्वको रकम सम्भनु पर्छ र सो शब्दले वासलात तयार नगर्ने संस्थाको हकमा नाफा नोक्सान वा आम्दानी वा खर्चको कुल अंकमा उल्लेखित रकम समेतलाई जनाउनेछ ।